# नेपाल बीमा प्राधिकरण लुम्बिनी प्रदेश, बुटवल

## प्रदेशस्तरिय निबन्ध प्रतियोगिता

### लुम्बिनी प्रदेश

नेपाल बीमा प्राधिकरण लुम्बिनी प्रदेश कार्यालयबाट बीमा सचेतना तथा बीमा प्रवर्द्धनको लागि लुम्बिनी प्रदेश भित्र प्रदेश स्तरीय निबन्ध प्रतियोगिता सञ्चालन हुन गइरहेको जानकारी गराउदछौं । उक्त निबन्ध प्रतियोगितामा भाग लिन इच्छुक विद्यार्थीले तोकिएको शिर्षकमा उल्लेखित नियमहरुको अधिनमा रही आफ्नो निबन्ध नेपाल बीमा प्राधिकरण लुम्बिनी प्रदेश कार्यालयमा पेश गर्नु हुन जानकारी गराउदछौं ।

### निबन्धको शिर्षक

## "दिर्धकालिन आर्थिक विकासमा: विमाको योगदान"

(The Contribution of Insurance on Long Term Economic Development)

### नियमहरु

१. प्रतियोगितामा सहभागी हुने प्रतिस्पर्धी स्नातक तह अध्यनरत रहेको हुनुपर्नेछ । प्रतियोगी लुम्बिनी प्रदेश भित्रको कलेज तथा विश्वविद्यालयमा अध्ययनरत हुनुपर्नेछ ।

२. लेखनको भाषा नेपाली वा अंग्रजी मध्ये एक हुनुपर्नेछ । नेपाली भाषा भए कोकिला १६ फन्ट साइज र अंग्रेजी भाषा भए Times New Roman १२ फन्ट साइजमा हुनुपर्नेछ ।

३. निबन्ध कम्तीमा १५०० शब्दको हुनुपर्नेछ ।

४. प्रतियोगिताको सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

५. प्रतियोगीले आफ्नो सृजना नेपाल बीमा प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयको मेल आइडी Infolp@nia.gov.np मा पेश गर्नुपर्नेछ । निबन्ध पेश गर्दा प्रतियोगिको हालसालै खिचिएको PP Size Photo र अध्ययन गरिरहेको संस्थाको परिचय खुल्ने कार्ड र अध्ययन गरिरहेको संस्थाको पत्र संग्लन गरी पठाउनु पर्नेछ ।

६. पेश हुन आएको निबन्धलाई विषय विज्ञ बाट मूल्याङ्कन गराइने छ । निबन्धको मूल्यांकन मापदण्ड निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | मापदण्ड | गुणांक (%) | विवरण |
|---|---|---|---|
| १ | विषयसंग सम्बन्ध | ४० प्रतिशत | मुख्य विषयबस्तु प्रस्ट र सन्दर्भ |
| २ | भाषा तथा शैली | २० प्रतिशत | प्रवाह, सरलता र साहित्य |
| ३ | संरचना | १० प्रतिशत | प्रस्तावना, मुख्य भाग र निष्कर्ष |
| ४ | सृजनशीलता | २० प्रतिशत | मौलिकता र नयाँ विचार |
| ५ | व्याकरण/शुद्धलेखन | १० प्रतिशत | त्रुटिरहित लेखन |

७. उत्कृष्ट तीन निबन्धलाई पुरस्कार स्वरूप करसहित प्रथम रु. १५००० द्वितीय रु. १०००० र तृतीय रु. ५००० का दरले प्रमाणपत्र सहित उपलब्ध गराइनेछ ।

८. पुरस्कार रकममा लाग्ने कर रकम कट्टा गरी प्रदान गरिनेछ ।

९. माथि उल्लेखित शर्तहरु पुरा नभएमा निबन्ध प्रतियोगितामा समावेश गरिनेछैन ।

१०. प्राप्त निबन्धहरुको सर्वाधिकार (Copyright) प्राधिकरणमा निहित हुनेछ र ती निबन्धहरूलाई व्यावसायिक प्रयोजन बाहेकका आफ्ना कुनै पनि प्रकाशन वा गतिविधिमा उपयोग गर्न सक्नेछ ।

११. प्राधिकरणबाट सञ्चालित यस अधिका निबन्ध प्रतियोगितामा विजयी प्रतियोगीहरुले यस प्रतियोगितामा सहभागि हुन पाउने छैन ।

१२. प्रतियोगितामा सहभागिहरुले मिति २०८२ साल चैत्र २७ गते भित्र निवेदन दिन सक्नेछ ।

१३. निबन्ध सञ्चालन उप समितिको निर्णय नै निबन्ध सम्बन्धी अन्तिम निर्णय हुनेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITYY
लुम्बिनी प्रदेश कार्यालय

# नेपाल बीमा प्राधिकरण लुम्बिनी प्रदेश, बुटवल

## बीमा सम्बन्धी हाजिरी जवाफ प्रतियोगिताको सूचना

**सूचना प्रकाशन मिति: २०८२/११/१२**

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र विद्यार्थी तथा सर्वसाधारणमा बीमाको महत्व बुझाउने उद्देश्यले **"बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२"** आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले **४५ दिन** भित्र विद्यालयको पत्र मार्फत मनोनयन गरिएका एक जना छात्रा सहित तीन (३) जना विद्यार्थीको नाम, समूहको नेतृत्वकर्ताको नाम र विद्यालयको विद्यार्थी परिचय खुल्ने कागजात सहित नेपाल बीमा प्राधिकरणको इमेलमा पठाउनहुन अनुरोध गरिन्छ ।

**कार्यक्रमको नाम: बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२**

**सहभागी हुन पाउने** : रुपन्देही जिल्ला भित्रका सरकारी विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी र एउटा विद्यालयको एउटा मात्र समूह हुनुपर्ने ।

**प्रतियोगिताको नियम**: प्रचलित मान्यता बमोजिम हुनेछ ।

**प्रतियोगिताको विषयवस्तुहरू:**

| क्र.सं. | विवरण | अंकभार (%) |
|---|---|---|
| १ | नेपाल बीमा प्राधिकरणको सामान्य जानकारी । | १० प्रतिशत |
| २ | बीमा व्यवसाय सम्बन्धी जानकारी (जीवन बीमा, निर्जीवन बीमा, पुर्नबीमा र लघुबीमा) | ५० प्रतिशत |
| ३ | बीमा सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी सामान्य जानकारी | १० प्रतिशत |
| ४ | बीमा र अर्थतन्त्र | २० प्रतिशत |
| ५ | बीमाका अन्तर्राष्ट्रिय अभ्यास | १० प्रतिशत |

**Note :** अन्य सामान्य ज्ञानसंग सम्वन्धीत प्रश्न पनि सोध्न सकिनेछ ।

इमेल ठेगाना: infolp@nia.gov.np

सहभागीताको लागि आवेदन दिने अन्तिम मिति: २०८२/१२/२७ गते बेलुकी ५ बजे सम्म ।

**पुरस्कारको व्यवस्था:**

प्रथम पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रु. २०,०००/-

द्वितीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रु. १५,०००/-

तृतीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रु. १०,०००/-

थप जानकारीका लागि नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालय, कालिकानगर, बुटवल, रुपन्देही सम्पर्क नं.: ०७१-५९१५०१, ०७१-५९१५०२, सम्पर्क गर्न तथा कार्यालयको बेबसाइट: www.nia.gov.np हेर्न अनुरोध गरिन्छ ।

पुनश्च: उक्त प्रतियोगिता सम्बन्धी अन्तिम निर्णयको अधिकार बीमा प्राधिकरण लुम्बिनी प्रदेश हाजिरी जवाफ उपसमितिलाई हुनेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITYY
लुम्बिनी प्रदेश कार्यालय